# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडा पौष १२ गते २०११ साल

## भाग ४

## खाद्यमन्त्रालयको सूचना

पचार २१।५।०११

४-९-०११

काठमाडौं उपत्यकाभित्र खाद्यान्न ल्याई बिक्री गर्नेहरुलाई सरकारबाट मोहर १५०। को भारतीय नोट रु. १०० का दरले दिने भएको सबैमा विदितै होला ।

अतः खाद्यान्न काठमाडौं उपत्यकाभित्र ल्याई बिक्री गर्न चाहनेहरुले आफुले बिक्री गर्न सक्ने दर शर्तहरुसमेत खुलाई ७ सात दिनभित्र खाद्यमन्त्रालयमा दरखास्त पठाउने गर्नुहोला भनी अनुरोध गरिएको छ ।

आज्ञाले—

देवीप्रसाद गिरी,

का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.



१८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# खाद्यमन्त्रालयको विज्ञप्ति

प्रचार ३१।८।०११ ७।६।०११

सरकारतर्फबाट काठमाडौंमा दुइ ठाउँमा र पाटनमा एक ठाउँमा चामल मोहरु १। एकको साढे तीन मानामा बिक्री गराउने गरेको यस मन्त्रालयले पहिले नै सूचित गरेको हो। यही पौष ५ गतेदेखि त्यसै कार्यक्रमको अनुसार बिक्री वितरणको काम शुरु भैसक्यो। पहिले पनि सरकारले उठाएको यस कार्यक्रम-लाई सहयोग दिनालाई र कसैले पनि हूल हुज्जत नगरी आफूलाई दैनिक खर्चसम्म चामल किन्न अनुरोध गरेकै छ र सरकार आशा गर्दछ कि जनताबाट सरकारको आदेशबमोजिम काम गरी यस जनहितको कामलाई सहयोग गर्नेछ। अब सरकारले चाँडैनै मोटर लहरीमा चामल घुमाई टोल टोलमा आई बिक्री गर्ने काम पनि शुरु गर्नेछ। यस कार्यक्रमलाई चालू राख्नालाई सरकारले पर्याप्त मात्रामा चामल बन्दो-बस्त गरिसकेको छ र त्यो चामल वीरगञ्ज र ठाउँ ठाउँमा प्रशस्तमात्रामा आइरहेको छ। सरकारले यस कामलाई विशेष ध्यानमा राखी आफ्नो साधनले म्याएसम्मको चामल काठमाडौं बसार्ने प्रबन्ध गरिसकेको छ। यस काममा बाधा गर्न चाहने वा नचाहिंदो हल्ला फिजाई जनतामा भ्रम पार्न खोज्नेलाई कडा चेतावनी दिंदै यो पनि भन्न चाहन्छ कि यस्ता व्यक्तिहरु पत्ता लगाएमा कडासेकडा सजाय दिन भुल्नेछैन।

काठमाडौं उपत्यकाभित्र आफ्नो खर्चलाई चाहिनेभन्दा बढी अनाजको जम्मा खाद्य विभागमा लेखाउने विज्ञप्ति ११।८।२८मा प्रकाश भैसकेकै छ। यो सरका-रतर्फबाट मोहरु १। को ३॥ मानाका दरले बिक्री गरेको चामल खरीद गरी बजारमा बिक्री गर्न मनाई गरिएको छ। सो गरेमा पुलीसमार्फत पक्राउ भै कानूनबमोजिम कडा कारवाई हुनेछ।

आज्ञाले—

देवीप्रसाद गिरी,

का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

(९८)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# उद्योग वाणिज्य तथा खाद्यमन्त्रालयको सूचना

वि. च. वि. २।४।०११ १—६—०११

सरकारबाट खटिएको साक्षीको नियन्त्रणमा निम्न लिखित ठाँउहरुमा मोहरु १।को चामल चोखा मोटा उसिना चामल ३॥ साढे तीनमानाको दरले ब्याहान १० बजेदेखि साँझको ५ बजेसम्म लिन आएको जतिलाई भनेजति टायमले भ्याएसम्म दिने गरी २०११।६।५ गतेदेखि बिक्री गर्ने भएको छ। आफूलाई खान चाहिने व्यक्तिहरुले मात्र किनी लैजानुहोला ।

१. हनुमान ढोका बाहिर दलानमा ——————— १

२. ठहिटी चार दोबाटो पर्ने ठाउँमा ——————— १

३. ललितपुर मङ्गलबजारमा ——————— १

यो सूचनाद्वारा सो पनि अनुरोध गरिन्छ कि कुनै किसिमका हूल हुज्जत दंगा नगरी शान्तिपूर्वक खरीद गर्नुहोला ।

सरकारले चामल सस्तो मोलमा दिलाउने यो पहिला कदम उठाएको हो। चाँडै यसभन्दा पनि सस्तो र अरू ठाउँमा पनि बिक्री गराउने आशा गरेको छ।

आज्ञाले—

देवीप्रशाद गिरी,

का. मु. सेक्रेटरी—खाद्यमन्त्रालय.

---

गोरखापत्र छापखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।